# स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र
**HEALTH EMERGENCY OPERATION CENTER (HEOC)**

# आधारभूत कार्यविधि
(Standard Operating Procedures - SOPs)

नेपाल सरकार
स्वास्थ्यतथा जनसङ्ख्या मन्त्रालय
रामशाहपथ, काठमाडौं

| | | |
|---|---|---|
| **दस्तावेज** | : | स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रको *आधारभूत कार्यविधि* |
| **प्रकाशक** | : | नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्रालय |
| **तयारी मिति** | : | २०७१ साल ....... |
| **आर्थिक तथा प्राविधिक सहयोग** | : | विश्व स्वास्थ्य संगठन, नेपाल |
| **द्रष्टव्य** | : | यो दस्तावेज विशेषगरी विपद्पछिको आपत्कालीन समयमा गर्नुपर्ने पूर्वतयारी र स्वास्थ्य सम्बन्धी प्रतिकार्यलाई प्रभावकारी बनाउने प्रयासका लागि तयार गरिएको छ । यसलाई स्वास्थ्य तथा जनसङ्ख्यामन्त्रालयको सचिव स्तरीय बैठकले आवश्यकता बमोजिम पुनरावलोकन गरी नियमित रूपमा अध्यावधिक गर्नेछ । |
| **सर्वाधिकार** | : | © नेपाल सरकार, स्वास्थ्य तथा जनसङ्ख्यामन्त्रालय |

# बिषयसूची

खण्ड - १ विपद्को पृष्ठभूमि र स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना ....... 4
१.१ परिचय ....... 4
१.२ उद्देश्य ....... 5
१.३ परिभाषा ....... 5
१.४ भाषा ....... 5
१.५ सम्पर्क विवरण ....... 6
खण्ड - २ स्वास्थ्य विपद् व्यवस्थापनको सन्दर्भमा आपत्कालीन कार्यसञ्चालन केन्द्र ....... 7
२.१ केन्द्रको भूमिका ....... 7
२.२ केन्द्रका आधारभूत कार्यहरू ....... 7
२.२.१ विपद पूर्वको अवस्थामा ....... 7
२.२.२ विपद्को समयमा ....... 8
२.२.३ विपद् पछिको अवस्थामा : ....... 8
२.३ स्वास्थ्य विपद् व्यवस्थापनको घटना आदेश प्रणाली र आपत्कालीन कार्यसञ्चालन केन्द्र ....... 9
खण्ड - ३ स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रको व्यवस्थापन संरचना ....... 10
३.१ सल्लाहकार समिति ....... 10
३.२ प्राविधिक समिति ....... 11
३.३ केन्द्र प्रमुख र अन्य कर्मचारीको काम कर्तव्य र अधिकार ....... 12

खण्ड - १

# विपद्को पृष्ठभूमि र स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रको स्थापना

## १.१ परिचय

विपद्का दृष्टिले नेपाल संसारका अत्याधिक जोखिममा रहेको मुलुकहरु मध्ये एक हो । बर्षेनी यस देशले भौर्गभिक, जल तथा मौसम सम्बन्धी  विपद्का कारण सयौको संख्यामा मानिसहरु गुमाउँदछ । भूकम्पिय जोखिमका दृष्टिले नेपालको सम्पूर्ण भूभाग  सकृय भूकम्पीय क्षेत्रभित्र पर्दछ । त्यसैले यस देशमा विनाशकारी तथा महा-भूकम्पको जोखिम सधैं नै रहेको देखिन्छ । यस्ता प्रकारका विपद्बाट हुनसक्ने ठूलो क्षतिले गर्दा राज्यले समान रुपमा ग्रामीण तथा शहरी क्षेत्र दुवैमा स्वास्थ्य सेवा पुऱ्याउनु निकै चुनौतिपूर्ण हुन्छ ।

नेपाल सरकारको विपद् व्यवस्थापनको मुख्य जिम्मेवार निकाय गृह मन्त्रालय हो । यसले विपद्को पूर्वतयारी, प्रतिकार्य एवं पुनःस्थापनासम्बन्धी योजना तथा नीति निर्माणहरु गर्ने कार्य गर्दछ । यस मन्त्रालयले विपद्कालीन अवस्थामा देशका सबै जिल्ला प्रशासन कार्यालयहरु मार्फत तत्कालीन उद्धार तथा राहत कार्य गर्दछ । केन्द्रीय दैवी प्रकोप उद्धार समिति नेपाल सरकारको विपद् व्यवस्थापन सम्बन्धीप्रमुखसंयन्त्रको रुपमा रहेको छ । जिल्ला स्तरको राहत कार्यका लागि समन्वय गर्न, अत्यावश्यक सेवा प्रदान गर्न, खाद्य तथा अन्य आवश्यक राहत सामग्री प्रदान गर्न जिल्ला दैवी प्रकोप उद्धार समिति जिम्मेवार रहेको छ ।

दैवी प्रकोप उद्धार ऐन २०३९ ले स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई केन्द्रीय दैवी प्रकोप उद्धार समितिको सदस्य र स्वास्थ्य तथा जनसंख्या मन्त्रीलाई राहत तथा उपचार उप-समितिको संयोजकको जिम्मेवारी तोकेको छ ।

दैवी प्रकोप उद्धार ऐनको मर्म र भावना अनुसार स्वास्थ्य क्षेत्रको विपद् प्रतिकार्यलाई व्यवस्थित एवं प्रभावकारी बनाउन आवश्यक नीति तर्जुमा गर्न वि.सं. २०५० मा विपद् स्वास्थ्य कार्यसमूह (Disaster Health Working Group) को स्थापना गरिएको थियो । त्यसैगरी वि.सं. २०५७ मा स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले संयुक्त रुपमा रोग पहिचान तथा नियन्त्रणको लागि एउटा द्रुत प्रतिकार्य संयन्त्रको स्थापना गरेको छ । सो अनुसार केन्द्रमा स्वास्थ्य सेवा विभागको इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक, क्षेत्रमा क्षेत्रीय स्वास्थ्य निर्देशक र जिल्ला तहमा जिल्ला (जन)स्वास्थ्य प्रमुखको संयोजकत्वमा द्रुत प्रतिकार्य टोली (Rapid Response Team) र हने व्यवस्था छ । सबै तहहरुमा पूर्वचेतावनी (Early Warning) संयन्त्रको स्थापना गर्ने र जुनसुकै आपत्कालीन अवस्थामा आम जनतामा स्वास्थ्य सेवा प्रदान गर्नु यस द्रुत प्रतिकार्य टोलीको मुख्य जिम्मेवारीमा पर्दछ । विपद्को अवस्थामा, यस टोलीले पहिलो पंक्तिमा रहेर जनस्वास्थ्यमा परेको विपद्को प्रभावलाई न्यूनिकरण गराउने र आपत्कालीन पूर्वतयारी तथा प्रतिकार्य योजनाले तय गरेको संरचना अनुसार केन्द्र देखि क्षेत्र र जिल्ला तहसम्म समन्वयात्मक प्रतिकार्य गर्दछ । यसका अतिरिक्त, केन्द्रीय तहका अस्पतालहरु देखि स्थानीय स्वास्थ्य चौकी सम्मका स्वास्थ्य संस्थाहरुले निरन्तर रुपमा घाइतेहरुको उपचार सेवा प्रदान गर्दछन् । साथै विपद्को अवस्थामा बहुसंख्य घाइते व्यवस्थापनको जिम्मेवारी पनि स्वास्थ्य संस्थाहरुको नै रहन्छ ।

विपद्कालीन अवस्थामा होस् वा विपद्पछिको तत्कालीन अवस्थामा समन्वय र सूचना व्यवस्थापन प्रमुख चुनौतीको रुपमा रहँदै आएको छ । यिनै चुनौतीहरुको सामना गर्ने उद्देश्यले गृह मन्त्रालयले सन् २०१० को डिसेम्बरमा राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र (National Emergency Operation Center - NEOC) को स्थापना गरेको छ । त्यसैको निरन्तरता स्वरुप स्वास्थ्य क्षेत्रको विपद् प्रतिकार्यलाई व्यवस्थित

गर्ने उद्देश्यका साथ स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र (Health Emergency Operation Center - HEOC) को स्थापना गरेको छ ।

केन्द्रले २४ सै घण्टा स्वास्थ्य क्षेत्रको विपद् प्रतिकार्यका लागि आवश्यक पर्ने सूचना तथा तथ्याकंहरु उपलब्ध गराउनुका साथै सोको लागि राष्ट्रिय तथा अन्तराष्ट्रिय साझेदारहरुसँग निरन्तर समन्वय कायम गर्नेछ । यस केन्द्रमा टेलिफोन, मोवाइल, स्याटेलाइट, भि.एच.एफ, फोन, इन्टरनेट लगायतका सेवा उपलब्ध हुनेछ ।

यस केन्द्रले गर्ने कार्यलाई पारदर्शी, जवाफदेही, प्रभावकारी र परिणाम मुखी बनाउन यसको सञ्चालनको लागि आधरभूत कार्यविधि तयारगर्नु आवश्यक भएकोले नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले ...............को निर्णयबाट यो कार्यविधि तयार गरी २०७१ साल ......... बाट कार्यान्वयनमा ल्याएको छ ।

## १.२उद्देश्य

विपद्को अवस्थामा वा त्यसपछि गरिने स्वास्थ्य सम्बन्धी सूचना सङ्कलन तथा सम्प्रेषण, प्रतिकार्य, समन्वय तथा सहकार्य र साधन श्रोतको परिचालन जस्ता स्वास्थ्य प्रतिकार्यसम्बन्धी कार्यक्रम सञ्चालन गर्दा अपनाउनु पर्ने न्यूनतम कार्यप्रक्रियाको निर्धारण गर्नु यसको प्रमुख उद्देश्य हुनेछ । यसका मुख्य उद्देश्यहरुनिम्नबमोजिम हुनेछन् :

क. विपद् परेको समयमा स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रले विभिन्न सरोकारवाला निकायहरु बीच समन्वय गरीस्वास्थ्य सम्बन्धी विपद् प्रतिकार्य सञ्चालन गर्ने,

ख. स्वास्थ्य क्षेत्रको विपद् प्रतिकार्यको प्रारम्भ गर्दा र अन्त्यगर्दा अपनाउनु पर्ने कार्यविधि निर्धारण गर्ने,

ग. स्वास्थ्य सम्बन्धी प्रभावकारी विपद् प्रतिकार्यका लागि सहयोग उपलब्ध गराउने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय निकाय र सरोकारवालाहरुसँग समन्वय गर्ने,

घ. विपद्को प्रभाव र स्वास्थ्य स्थितिको द्रूत आँकलन(RHA) र बहु-क्षेत्रगत प्रारम्भिक द्रूत लेखाजोखा (MIRA) गरी स्वास्थ्य सम्बन्धी विपद् प्रतिकार्यका लागि आवश्यक साधन स्रोतको पहिचान गर्ने,

ङ. विपद्ले स्वास्थ्य क्षेत्रमा पारेको प्रभाव सम्बन्धी सूचना सङ्कलन, विश्लेषण र प्रवाहलाई प्रभावकारी बनाउने,

## १.३ परिभाषा

क. ‘‘केन्द्र’’ भन्नाले स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र (Health Emergency Operation Center-HEOC)सम्झनु पर्दछ ।

ख. ‘‘मन्त्रालय’’ भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयसम्झनु पर्दछ ।

ग.‘‘केन्द्र प्रमुख’’ भन्नाले स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र (Health Emergency Operation Center-HEOC)को प्रमुख सम्झनु पर्दछ ।

घ. ‘‘अधिकारी’’ भन्नाले स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अधिकृत सम्झनु पर्दछ ।

## १.४ भाषा

स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रको कार्यसञ्चालनको लागि लिखित तथा मौखिक रूपमा प्रयोग गरिने भाषा नेपाली हुनेछ । तर प्रतिकार्यसम्बन्धी कुनै सूचना राष्ट्रसङ्घीय निकाय, दातृ निकाय वा संस्था,

कुटनीतिक नियोग तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्था वा अन्तर्राष्ट्रिय समुदयलाई उपलब्ध गराउन आवश्यकता अनुसार अङ्ग्रेजी भाषाको प्रयोग गरिनेछ ।

## १.५ सम्पर्क विवरण

स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रको सञ्चारसम्पर्क विवरण देहायबमोजिम हुनेछ :

| | |
|---|---|
| फोन १ | ४२५०८४५ |
| फोन २ | |
| फ्याक्स | ४२५०८४२ |
| सेटेलाइट फोन १ | |
| सेटेलाइट फोन २ | |
| वेब साइट | www.mohp.gov.np |
| इमेल | heocmohp@gmail.com,<br>heoc@mohp.gov.np |

# खण्ड - २
# स्वास्थ्य विपद् व्यवस्थापनको सन्दर्भमा आपत्कालीनकार्यसञ्चालन केन्द्र

## २.१ केन्द्रको भूमिका

यस केन्द्रले स्वास्थ्य क्षेत्रको पूर्वतयारी तथा प्रतिकार्य संयन्त्र र विपद् जोखिम व्यवस्थापनका विद्यमान संयन्त्र र संस्थाहरु बीच समन्वयगर्नेछ।साथै स्वास्थ्य सम्बन्धी आपत्कालीन अवस्थाको पूर्वतयारी, प्रतिकार्य र पुनर्स्थापनाका लागि विद्यमान नीतिहरु, रणनैतिक योजनाहरु निर्माण गर्न तथा आवश्यक तथ्याकंहरुको अध्यावधिक गर्ने जिम्मेवारी पनि केन्द्रको रहनेछ । यसका अतिरिक्त केन्द्रले देहायबमोजिमका कार्यहरु गर्नेछ :

क) आपत्कालीन अवस्थामा स्वास्थ्य सम्बन्धी विपद् प्रतिकार्यका लागि सम्वद्ध निकाय तथा संघ सँस्थाहरुसँग समन्वय गरी प्रभावकारी प्रतिकार्यको दिशा निर्देश गर्ने ।

ख) आपत्कालीन स्वास्थ्य प्रतिकार्यका लागि आवश्यक श्रोत र साधन जुटाउन मन्त्रालय तथा मातहतका निकायहरुसँग समन्वय गर्ने ।

ग) विपद् पूर्वको अवस्थामा मानव स्वास्थ्यमा प्रतिकुल असर पार्ने खालका सम्भावित प्रकोपका घटनाबारे प्राप्त हुने पूर्वचेतनावनीलाई आम समुदायसम्म प्रवाह गर्ने र प्रकोपको सम्भावना न्यून हुँदै गएको वा नियन्त्रणमा आएको जानकारी समेत प्रवाह गर्नेछ ।

## २.२ केन्द्रका आधारभूत कार्यहरू

स्वास्थ्य सम्बन्धी विपद् प्रतिकार्यको समन्वय र सम्पर्क विन्दुका रुपमा केन्द्रले कार्य गर्नेछ । केन्द्रले विपद्को घटनालाई तत्काल सम्बोधन गर्न र विपद्को समयमा स्वास्थ्य सम्बन्धी विपद् प्रतिकार्यलाई प्रभावकारी बनाउन विभिन्न निकायहरूसँग छरिएर रहेको स्रोत र साधनलाई एकीकृत गरी परिचालन गनेछ । विपद्का घटनाको प्रकृति, आकार र क्षतिको स्तरको आधारमा प्रतिकार्यको तह र मात्रा पनि फरक-फरक हुनसक्छ सोही अनुसार केन्द्रले निर्वाह गर्ने भूमिकामा पनि भिन्नता हुन सक्छ। स्वास्थ्य विपद् प्रतिकार्यका लागि केन्द्रले विशेषतः देहाय बमोजिमका कार्य गर्नेछ :

### २.२.१ विपद पूर्वको अवस्थामाः

केन्द्रले विपद्बाट मानव स्वास्थ्यमा पर्न सक्ने असर कम गराउन जनचेतना अभिवृद्धि गराउने र आपत्कालीन अवस्थामा प्रतिकार्यलाई प्रभावकारी र व्यवस्थित बनाउन तयार गरिने पूर्वयोजना, आवश्यक औषधिको भण्डारण तथा स्वास्थ्य सम्बन्धी मानवसंसाधनको क्षमता अभिवृद्धिका लागि सम्बन्धित संघ संस्थाहरुसँग निरन्तर समन्वयका साथै पूर्वतयारी सम्बन्धी देहायका कार्यहरु गर्नेछ ।

क. विपद् सम्बन्धी ऐन, रणनीति, निर्देशिका, योजना, प्रोटोकल आदिको विद्युतीय पुस्तकालय (E-Library) तयार गर्ने ।

ख. स्वास्थ्य सम्बन्धी दस्तावेज, मुख्य उपकरणहरु, औषधीहरुको भण्डार, सुविधा र जनशक्ति सम्बन्धी तथ्याङ्क राख्ने । साथै नेपालभरी सञ्चालनमा रहेका एम्बुलेन्सहरुको सूचना अध्यावधिक राखि तिनीहरुलाई विपद्कालीन अवस्थाका लागि तयारी अवस्थामा राख्न सम्वद्ध निकायहरुसँग समन्वय गर्ने ।

ग. राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, केन्द्रीय र क्षेत्रीय अस्पतालहरु, स्वास्थ्य सेवा विभाग, क्षेत्रीय स्वास्थ्य निर्देशनालय र जिल्ला जनस्वास्थ्य कार्यालयहरु र रेडक्रस, ब्लड बैङ्क, राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्थाहरु, निजी स्वास्थ्य संस्था जस्ता विपद व्यवस्थापन सम्बन्धी सरोकारवाला निकायहरुसँग सञ्चार सञ्जाल स्थापित गर्ने ।

घ. सबै अस्पताल र स्वास्थ्य सम्बन्धी जनशक्ति निकाय तथा सरोकारवालाहरुको रोष्टर तयार गर्ने ।

ङ. स्वास्थ्य संस्था भएका स्थानहरुको लगत तयार गर्ने तथा अध्यावधिक गर्ने ।

च. क्षमता लगत तयार गर्ने तथा नियमित रुपमा अध्यावधिक गर्ने ।

छ. र्‍यापिड रेस्पोन्स् टीम (Rapid Response Team)को क्षमता अभिवृद्धिका लागि आवश्यकता अनुसार तालीम प्रदान गर्न इपिडिमियोलोजी तथा रोग नियन्त्रण विभाग र राष्ट्रिय स्वास्थ्य तालीम केन्द्रसँग समन्वय गर्ने ।

ज. अस्पतालहरुसँग आपतकालीन योजना र वहुसंख्य घाइते व्यवस्थापन (Mass Casualty Management) योजना तर्जुमा र अध्यावधिक गर्न समन्वय गर्ने ।

झ. सम्पूर्ण सरोकारवालाहरुको प्रयोजनका निम्ति एउटा केन्द्रमा अन्तरक्रिया गर्न गराउनका लागि विपद् इन्टरनेट पोर्टल तयार गर्ने र त्यसमा सूचनाहरु अद्यावधिक गर्ने ।

## २.२.२ विपद्को समयमा

विपद्को समयमा प्रभावित क्षेत्रमा तत्काल आवश्यक प्राथमिक उपचारका साधनसहित उद्धारकर्ताहरू परिचालन गरिन्छ । यस अवस्थामा प्रभावित क्षेत्रमा मानव स्वास्थ्यलाई थप प्रभावित पार्न र अन्य महामारीजन्य रोगहरु फैलन नदिनका लागि केन्द्रको महत्वपूर्ण भूमिका रहनेछ र त्यसका लागि सूचना व्यवस्थापन र सरोकारवाला निकाय एवं सञ्चारका माध्यमहरुसँग प्रभावकारी समन्वय गर्नुपर्ने हुन्छ । विपद्को अवस्थामा केन्द्रले देहायबमोजिमको कार्यहरु गर्नेछ :

क. स्वास्थ्य सम्बन्धी विपद्को प्रतिकार्यका लागि केन्द्रिय निकायको रुपमा कार्य गर्ने ।

ख. राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्रसँग सूचना तथा प्रतिकार्य आवश्यकताको लागि समन्वय गर्ने ।

ग. सम्पूर्ण स्वास्थ्य सम्बन्धी विपद्का घटनाको विश्लेषण, मूल्यांकन र प्रतिकार्यको समन्वय गर्न आपत्कालीन कार्यसञ्चालन केन्द्रको रुपमा काम गर्ने ।

घ. स्वास्थ्य सम्बन्धी स्रोतहरुको परिचालन गर्नको लागि विभाग, अस्पताल, विभिन्न मन्त्रालयहरु र सरोकारवाला निकायहरुसँग समन्वय र सञ्चार गर्ने ।

ङ. जनशक्तिको सूची (Roster)मा रहेका चिकित्सा सेवासँग सम्बन्धित व्यक्तिहरुलाई परिचालन गर्ने ।

च. सम्बन्धित जिल्ला एवं निकायसँगको समन्वयमा विपद्कालीन अवस्थाको स्वास्थ्य सम्बन्धी तात्कालीक प्रतिवेदन तयार गर्ने ।

छ. मन्त्रालय एवं सम्बन्धित सरोकारवालाहरुलाई स्वास्थ्य सम्बन्धी सूचना, आवश्यकता विश्लेषण सम्बन्धी प्रतिवेदन उपलब्ध गराउने ।

ज. आमजनतालाई विपद् पूर्वचेतावनी तथा खतराको सूचना प्रवाह गर्ने र खतरा टरेको जानकारी दिने ।

झ. केन्द्रले मासिक, अर्धवार्षिक र वार्षिक रूपमा विपद्सम्बन्धी सूचना र भए गरेका कामको बुलेटिन प्रकाशन गर्ने ।

ञ. केन्द्रले राष्ट्रिय आपत्कालीन कार्यसञ्चालन केन्द्र, केन्द्रीय रिफरल अस्पताल, क्षेत्रीय अस्पताल, स्वास्थ्य सेवा विभाग, क्षेत्रीय स्वास्थ्य निर्देशनालय, जिल्ला जनस्वास्थ्य कार्यालय तथा अन्य संघ संस्थाहरुसगँको आवश्यक समन्वयमा कार्य गर्नेछ ।

ट. र्‍यापिड रेस्पोन्स टीम (RRT) ले संकलन गरेको जानकारी तथा प्रतिकार्यका सूचनाहरु र अस्पतालबाट भएका प्रतिकार्यका गतिविधिहरु संकलन गरी विश्लेषण गर्ने र प्रतिकार्य नपुग भएको खण्डमा सम्बन्धित निकायसँग समन्वय गर्ने ।

### २.२.३ विपद् पछिको अवस्थामा :

केन्द्रले विपद् पछिको अवस्थामा मानिसहरुलाई न्यूनतम स्वास्थ्य सेवा पुर्‍याउन आधारभूत संरचनाहरुको व्यवस्था गर्न र श्रोत साधन परिचालनको लागि मन्त्रालय र यस मातहतका निकायहरुसँग समन्वय गर्नुका साथै निम्न कार्यहरु गर्नेछ ।

क. विपद् पश्चात् स्वास्थ्य सेवा पुनःस्थापन तथा भौतिक पुनर्निर्माणका लागि सरोकारवाला निकायसँग समन्वय गर्ने ।

ख. जुनसुकै विपद्को अवस्थामा स्वास्थ्य सम्बन्धी प्रभावको तत्कालीन प्रतिकार्य, विवरण संकलन र व्यवस्थापन गर्ने ।

ग. सामुदायिक, जिल्ला, क्षेत्रीय र केन्द्रीय स्तरमा विद्यमान संयन्त्र र संस्था बीच समन्वयात्मक रुपमा कार्यान्वयन गर्ने, गराउने ।

घ. स्वास्थ्य सम्बन्धी कुनैपनि मानवीय स्रोत, सामग्री र अस्पतालहरुको आवश्यकता परेको अवस्थामा मन्त्रालयले केन्द्रलाई आवश्यकता अनुसार राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रसँग समन्वय गरी परिचालन गर्नेछ ।


ङ.मृत्युदर, विरामी दर र घाइते/अपाङ्गताको दर कम गर्नका लागि विवरण/तथ्याङ्कहरु संकलन गर्ने र विश्लेषण गरी सम्बन्धित निकायसँग समन्वय गर्ने ।

## २.३ स्वास्थ्य विपद् व्यवस्थापनको घटना आदेश प्रणालीर आपत्कालीन कार्यसञ्चालन केन्द्र

स्वास्थ्य विपद् व्यवस्थापनलाई व्यवस्थित गर्न सम्बन्धीत निकाय र संघ संस्थाहरुसगँ  आवश्यक समन्वय गर्न साथै  श्रोतसाधनको समुचित  प्रबन्ध गरी स्वास्थ्य प्रतिकार्यलाई प्रभावकारी बनाउन स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयको आफनै घट्ना आदेश प्रणाली (Incident Command System)हुनेछ । विपद्को समयमा स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रले मन्त्रालयको घट्ना आदेश प्रणालीलाई प्रभावकारी बनाउन समन्वय र कार्यसञ्चालन केन्द्रको रुपमा कार्य गर्नेछ । विपद् प्रतिकार्यको अवधीमा मन्त्रालयले तोकेको घट्ना आदेश प्रणालीको प्रमुखले HEOC को सम्पूर्ण कार्यहरुको नियन्त्रण एवं सञ्चालन गर्नेछन् ।

# खण्ड - ३
# स्वास्थ्य आपत्‌कालीन कार्यसञ्चालन केन्द्रको व्यवस्थापन संरचना

केन्द्रको व्यवस्थापकीय संरचना निम्न अनुसारको हुनेछ ।




## ३.१ सल्लाहकार समिति

मन्त्रालयका सचिवको अध्यक्षतामा गठित सल्लाहकार समिति यस केन्द्रको मुख्य निर्देशक समिति हुनेछ । यस समितिले केन्द्रको सञ्चालन सम्बन्धमा प्राविधिक समितिलाई आवश्यक निर्देशन प्रदान गर्दछ । समितिको गठन तथा कार्यहरु देहाय वमोजिम हुनेछन् ।

### क.समितिको गठन

| | |
|---|---|
| अध्यक्ष | सचिव, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| सदस्य | महानिर्देशक, स्वास्थ्य सेवा विभाग |
| सदस्य | प्रमुख, नीति,योजना र अन्तराष्ट्रिय सहयोग महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| सदस्य | निर्देशक, आपूर्ति व्यवस्थापन महाशाखा, स्वास्थ्य सेवा विभाग |
| सदस्य | निर्देशक, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा,स्वास्थ्य सेवा विभाग |
| सदस्य | प्रमुख, आर्थिक प्रशासन शाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| सदस्य | प्रमुख, राष्ट्रिय आपत्‌कालीन कार्यसञ्चालन केन्द्र, गृह मन्त्रालय |
| सदस्य | प्रतिनिधि, विश्व स्वास्थ्य संगठन, आपतकालीन मानवीय कार्यक्रम |
| सदस्य सचिव | प्रमुख, चिकित्सा सेवा महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |

**ख.समितिको काम कर्तव्य र अधिकार**

1_ विपद् जोखिम न्यूनिकरणका लागि  मन्त्रालयको पूर्वतयारी सुनिश्चित गर्ने ।
2_ केन्द्रका कार्यहरु चौमासिक रुपमा पुनरावलोकन गर्ने र आवश्यक सल्लाह  प्रदान गर्ने ।
3_ सूचनाहरु (स्वास्थ्यसंस्थाहरु, जनशक्ति, तालिम, अन्य सम्वन्धित निकायहरु आदि) पुनरावलोकन गर्ने र कमी कमजोरी सुधार गर्ने मापनहरु सिफारीश गर्ने ।
4_ विपद् पूर्वतयारी र उद्धार सम्बन्धी विद्यमान नियम तथा निर्देशिकाहरु कार्यान्वयन सुनिश्चित गर्ने र अस्पताल तथा अन्य निकायहरुलाई उक्त नीति नियमको पालना गर्न निर्देशन दिने ।
5_ प्रभावकारी स्वास्थ्य सेवाको वढ्दो माग सम्बोधन गर्न नीति तथा रणनीति विकास गर्नको लागि पहल गर्ने ।
6_ केन्द्रले अनुरोध बमोजिमका सम्पूर्ण निकायहरुले आपत्कालीन पूर्वतयारीका मापदण्डहरु कार्यान्वियन गरे नगरेको सुपरीवेक्षण तथा अनुगमन गर्ने ।
7_ देशको आपत्कालीन उद्धार सेवाको मूलप्रवाहमा स्वास्थ्य सम्बन्धी योजना पार्नको लागि मन्त्रालयहरु, स्वास्थ्य सम्बन्धी सुविधा प्रदान गर्ने निकायहरु, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा विज्ञहरुसँग समन्वय गर्ने ।
8_ राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रसँग नियमित सम्पर्कमा रही सूचना आदान प्रदान गर्ने ।

**३.२ प्राविधिक समिति**

स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रको दैनिक कामकारवाही र केन्द्रका कर्मचारीहरुलाई कार्यान्वयनसम्बन्धमा निर्देशन दिनको लागि प्राविधिक रुपमा विज्ञहरुसम्मिलित प्राविधिक समिति गठन गरिनेछ । प्राविधिक समितिले सल्लाहकार समितिसँगको  समन्वयमा केन्द्रका कर्मचारीहरुलाई केन्द्रले गर्ने कार्य कार्यान्वयन सम्बन्धी विषयमा नियमितरुपमा दीशानिर्देश गर्नेछ । विपद्को समयमा समग्र समन्वय, सञ्चार र प्रतिकार्य सुनिश्चित गर्नु यस समितिको प्रमुख दायित्व हुनेछ । यस समितिको गठन तथा कार्यहरु देहाय वमोजिम रहेकोछ ।

**क. प्राविधिक समितिको संरचना**

| | |
|---|---|
| संयोजक | प्रमुख, चिकित्सा सेवा महाशाखा, स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय |
| सदस्य | प्रमुख, विपद् व्यवस्थापन शाखा, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखा |
| सदस्य | प्रमुख,स्वास्थ्य व्यवस्थापन सूचना प्रणाली शाखा,व्यवस्थापन महाशाखा,स्वास्थ्यसेवा विभाग |
| सदस्य | प्रतिनिधि, विश्व स्वास्थ्य संगठन, आपतकालीन मानवीय कार्यक्रम |
| सदस्य सचिव | प्रमुख, स्वास्थ्य आपतकालीन कार्यसञ्चालन केन्द्र |

**ख. प्राविधिक समितिको काम कर्तव्य र अधिकार**

1_ स्वास्थ्य सम्बन्धी विपदको तथ्याङ्क संकलन र अभिलेखिकरण गर्न केन्द्रलाई तयार गर्ने ।
2_ स्वास्थ्य सम्बन्धी विपद्को सम्पूर्ण वा आवश्यक तथ्याङ्क अपडेट गर्ने ।
3_ रेडियो, फोन वा भिडियो कन्फरेन्स मार्फत राष्ट्रिय वा अन्तराष्ट्रिय निकायहरुसँग सञ्चार गर्न केन्द्रलाई तयार गर्ने ।

4_ उक्त तथ्याङ्कहरु स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय वा राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रसँग कार्य गर्नको लागि ल्याउन केन्द्रलाई तयार पार्ने ।
5_ विपद्कालिन अवस्थामा विपद व्यवस्थापन समितिले अनुरोध गरेमा सहयोग गर्ने ।
6_ तथ्याङ्क संकलन गर्ने क्रममा यो भर्नुको आवश्यकताका बारेमा विश्लेषण गरी आवश्यक सल्लाह दिने ।
7_ विपद् पश्चात समग्र क्षमता र खाँचोको मूल्याङ्कन गरी सम्भव भएसम्म यथासक्य छिटो आवश्यक परिपूर्ति गर्ने ।
8_ केन्द्रबाट कार्य गर्नको लागि स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका निम्ति एउटा आधारभूत कार्यविधि (SOP) तयार गर्ने ।
9_ वर्षमा एक पटक ड्रिल संचालन गर्ने, ड्रिल पर्फमान्स पुनरावलोकन गर्ने र आवश्यकता अनुसार दोहोर्‍याउने ।
10_ सुचनाको लागि राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रसँग समन्वय गर्ने ।

### ३.३ केन्द्र प्रमुख र अन्य कर्मचारीको काम कर्तव्य र अधिकार

केन्द्र सञ्चालनार्थ तय गरिएका नीति तथा निर्देशनका आधारमा केन्द्र प्रमुखले मातहतका कर्मचारीका साथमा केन्द्रको कार्यसञ्चालन गर्नेछन् । जसको कार्यविवरण देहाय बमोजिम हुनेछ ।

**क. केन्द्र प्रमुख**

1_ केन्द्र सञ्चालनको लागि आवश्यक दीशा निर्देश प्रदान गर्ने ।
2_ आवश्यकता अनुसार सहयोगि कर्मचारीहरुको लागि अनुगमन तथा पृष्ठपोषण प्रदान गर्ने ।
3_ केन्द्र र स्वास्थ्यसंग सम्बन्धीत विपद् प्रतिकार्यका विषयमा विभिन्न निकायहरुसंग बैठकको लागि समन्वय गर्ने ।
4_ प्राविधिक समितिबाट प्राप्त सल्लाह तथा सुझावहरु कार्यन्वयन भएको सुनिश्चत गर्नु ।
5_ आवश्यकता अनुसार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयका अधिकारीहरुलाई जानकारी प्रदान गर्ने ।
6_ आवश्यकता अनुरुप संकलित तथ्याकंहरुलाई अध्यावधिक गर्ने ।
7_ केन्द्रको प्राविधिक समितिको आवश्यकता अनुरुप तथ्याकंहरु संकलन गर्ने ।
8_ मातहतका कर्मचारीहरुलाई कार्यादेश सहित परिचालन गर्ने ।

**ख. केन्द्रका अन्य कर्मचारी**

1_ आवश्यकता अनुरुप तथ्याकंहरु राख्ने र नियमित रुपमा अध्यावधिक गर्ने ।
2_ सूचना प्रविधिका सामग्रीहरुको समुचित प्रयोग गर्ने
3_ आवश्यकता अनुरुप केन्द्र सुहाँउदो संस्था तथा निकायहरुसँग समन्वय गर्ने ।
4_ वर्तमानमा उपलब्ध विपद् व्यवस्थापनका सन्दर्भमा प्रकाशित ऐन कानुन, नीति नियम, निर्देशिकाहरु तथा अन्य प्रकाशनहरुको संकलन गर्ने ।

5_ केन्द्रको प्राविधिक समिति र केन्द्र प्रमुखको सुझाव अनुरुप तथ्यहरु जम्मा गर्ने र अध्यावधिक गर्ने ।

6_ स्वास्थ्यसंग सम्बन्धीत विपद्का सर्न्दभमाआधिकारिक र विश्वसनिय श्रोत तथा सरोकारवालाबाट प्राप्त सूचनाहरुलाई नियमित रुपमा अनुगमन गर्ने ।

7_ विपद्को अवस्था तथा तहको निर्धारण गरी केन्द्रका प्रमुख तथा समितिलाई उचित जानकारी प्रदान गर्ने ।

8_ दैनिकरुपमा घटनाको प्रतिवेदन केन्द्रका प्रमुख समक्ष पेश गर्ने ।

9_ स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्र सबै समितिका लागि विपद् प्रतिकार्यका निम्ति तयार पार्ने ।

10_ उपयुक्त तथ्य तथा सूचना तयारी अवस्थामा राख्ने ।

11_ केन्द्रसँग सम्बन्धीत कियाकलापहरु कार्यान्वयनका लागि विश्व स्वास्थ्य संगठनसँग समन्वय गर्ने ।

12_ राष्ट्रिय आपतकालीन कार्यसञ्चालन केन्द्रसंग सम्बन्धित सूचना तथा जानकारीका लागि समन्वय गर्ने ।

13_ स्वास्थ्य आपत्कालीन कार्यसञ्चालन केन्द्रमा संयुक्त सूचना केन्द्र स्थापित गर्न सहायता गर्ने ।